निर्वाचन आयोग, नेपाल

ELECTION COMMISSION, NEPAL

प.सं. च.नं.

## मतदाता परिचयपत्र वितरण सम्बन्धमा निर्वाचन आयोगको सूचना !

प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन २०७४ मंसिर १० र २१ गते दुई चरणमा सम्पन्न हुन गइरहेको छ । उक्त निर्वाचनको लागि गत स्थानीय तहको निर्वाचनमा मतदाता परिचयपत्र बुझ्न बाँकी रहेका तथा २०७४ भाद्र ३ गतेसम्म मतदाता नामावलीमा नाम दर्ता गरी भाद्र ५ सम्ममा १८ वर्ष उमेर पुरा गरेका एवं नामावली सार्न, सच्याउन निवेदन दिएका मतदाताहरूको परिचयपत्र पहिलो चरणको निर्वाचन हुने जिल्लाहरूमा मंसिर ८ र ९ गते तथा दोश्रो चरणमा निर्वाचन हुने जिल्लाहरूमा मंसिर १९ र २० गते तत्तत् जिल्लाका सम्बन्धित मतदानकेन्द्रबाट नै वितरण हुने जानकारी गराइएको छ ।

साथै, गत स्थानीय तहको निर्वाचनमा मतदाता परिचयपत्र प्राप्त गरिसकेका मतदाताहरूले सोही परिचयपत्रको आधारमा मतदान गर्न पाउने व्यहोरा सरोकारवाला सबैलाई सूचित गरिन्छ ।